नेपाल सरकार
राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ समक्ष आयोगका नवनियुक्त सदस्य डा. अनिता शाह ढुङ्गानाले पद तथा गोपनियताको शपथ लिनुभयो। राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संसोधन सहित) आदेश, २०७५ को व्यवस्था बमोजिम विभिन्न क्षेत्रका विज्ञहरुसहित उपाध्यक्ष र ६ सदस्यहरु नियुक्त गरी आयोगलाई पूर्णता दिइएको छ।

नेपाल सरकारले उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ को नेतृत्वमा डा. रामकुमार फूयाल, डा. जयकान्त राउत, डा. प्रभु बुढाथोकी, प्रा. डा. आर. पी. विच्छा र डा. रमेश चन्द्र पौडेललाई यसअघि नै नियुक्त गरी सकेको छ। माननीय उपाध्यक्षको नेतृत्वमा नेपाल सरकारको नीतिगत र विकास सल्लाहकारको रुपमा राष्ट्रिय योजना आयोगले कार्य सम्पादन गर्दै आएको छ।

मितिः २०८०।०२।२१

डा. राम कुमार फूयाल
सदस्य तथा प्रवक्ता

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np